## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु देवराज चौलागाई, अमित कुमार ठाकुर र बुध्दिराज कंडेल मु.नं (०८०-CR-०१९३) फैसला मिति २०८१/०५/३० | गैरकानूनी लाभ वा हानी पुर्याई भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>•**जिल्ला मकमानपुर,मनहरी गाँउपालिका वडा नं. ६ स्थित लोथर-हाङ्गलाङ्ग फरीबाङ्ग पाङ्गथली सडक स्तरोन्नति कार्यमा कर्मचारीको मिलेमतोमा अनियमितता गरेको भन्ने समेत बेहोराको आयोगमा दर्ता हुन आएको उजुरी दर्ता नम्वर ००२७७५(हेटौंडा),मिति २०७७/०४/१३ को उजुरी निवेदन उपर छानविन गरी थप अनुसन्धान पश्चात निज प्रतिवादीहरु <u>प्रतिवादी तत्कालीन प्रमुख प्रशासकीय अधिकृत देवराज चौलागाईलाई</u> भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) र (ङ) को कसुरमा बिगो रु.३,९१,९२९।७१ कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम सजाय हुन,**<br>• **<u>प्रतिवादी तत्कालिन इन्जिनियर अमित कुमार ठाकुरलाई</u> सोही ऐनको दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) र (ङ) र दफा १९ को कसुरमा बिगो रु. ३,९१,९२९।७१ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) तथा दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन,**<br>•**<u>प्रतिवादी प्रतिक्षा निर्माण सेवाका निर्माण व्यवसायी बुध्दिराज कंडेललाई</u> भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा बिगो रु. ३,९१,९२९।७१ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन साथै विगो जफत हुन समेतको मागदावी** मागदावी लिइएको देखिन्छ।<br>**अदालतको फैसला**<br>•प्रतिवादी देवराज चौलागाई समेतले आरोपदावी बमोजिमको कसूरबाट सफाई पाउने ठहर भई विशेष अदालतबाट फैसला भएको देखिन्छ। | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>•अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट स्थलगत निरिक्षण गरी पेश भएका प्रतिवेदनमा फरक-फरक परिमाण आएको देखिएबाट यथार्थ परीमाण यकीन हुन सकेन।<br>•सम्झौता बमोजिम सडक स्तरोन्नतीको कार्य सम्पन्न भएको तीन (३) बर्ष पछि प्राविधिक नापजाँच भएको देखिएको र प्रतिवेदकहरुले समेत बकपत्र गर्दा नयाँ ट्र्याकको काम भएकोले वर्षातको पानी तथा पहिरोले क्षति पुर्याउने अवस्था थियो भन्ने समेतको व्यहोरा उल्लेख गरेको। | •जिल्ला मकवानपुर, मनहरी गाउँपालिका वडा नं ६ स्थित लोथर-हाङ्गलाङ्ग-फरीवाङ्ग-पाङ्गथली सडक स्तरोन्नति कार्यका सन्दर्भमा निर्माण व्यवसायी र गाउँपालिकाबीच मिति २०७७/०३/१६ गते रु.२२,२७,२४२.९० (अक्षरुपि बाइस लाख सत्ताइस हजार दुई सय बैयालिस रुपैया र पैसा नब्बे) रकमबाट सडक स्तरोन्नती गर्ने भनी खरिद सम्झौता भएकोमा प्रतिवादीहरु देवराज चौलागाई, इ.अमित कुमार ठाकुर र निर्माण व्यवसायी बुध्दिराज कंडेलले आपसमा मिलेमतो गरी ३१९३१.२५ घनमिटर माटो कटिङ भएको भनी नापी किताव तयार गरी स्वीकृत गराई पालिकाबाट निर्माण व्यवसायीलाई मिति २०७७/०३/२४ मा रु.२०,७१,७३०.६९ रकम भुक्तानी दिएको देखिन्छ। आयोगको कार्यालय,हेटौडाबाट मिति २०७८/११/१० र २०८०/०६/०५ मा खटिइ गएको स्थलगत नापजाँच मूल्याङ्कन प्राविधिक प्रतिवेदनहरुमा नापि किताबमा चढाएको नाप भन्दा कम काम भएको देखिन्छ भने उक्त आयोजना स्थलमा वर्षातको पानी तथा पहिरोले प्रभाव पारेको पनि देखिएको छैन। पछिल्लो प्रतिवेदले देखाए बमोजिम नै माटो कटिङको परिमाण २३५९३.३२ घनमिटर देखिएकोमा ८३३८.९३ घनमिटर बढी माटो कटिङको प्रति घनमिटर रु. ४७/- का दरले जम्मा रु.३,९१,९२९.७१ (अक्षरुपि तिन लाख एकान्नब्बे हजार नौ सय उनन्तिस रुपैया र पैसा एकहत्तर) रकम बढी भुक्तानी भएको बिगो कायम गरी दुईवटा प्रतिवेदन मध्ये कम बिगो भएको प्रतिवेदनलाई नै आधार लिई बिगो कायम गरिएको अवस्थामा बिगो यकीन नभएको भन्ने आधार लिई प्रतिवादीहरुले आरोपदावी बमोजिमको कसुर गरेको पुष्टि हुने मिसिल संलग्न सवुद प्रमाणहरुको मुल्याङ्कन नगरी भएको उक्त फैसला त्रुटि पूर्ण देखिंदा बदर भागी छ।<br>•अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,हेटौडाबाट मिति २०७८/११/१० र २०८०/०६/०५ मा खटिइ गएको स्थलगत नापजाँच मूल्याङ्कन प्राविधिक प्रतिवेदनहरुमा नापि किताबमा चढाएको नाप भन्दा कम काम भएको देखिन्छ भने उक्त आयोजना स्थलमा वर्षातको पानी तथा पहिरोले प्रभाव पारेको भनी प्रतिवेदनमा समेत उल्लेख भएको देखिंदैन। स्थलगत मुचुल्का साक्षी र प्रतिवेदक अनन्त सुनार र राजन रायले स्थलगत प्रतिवेदनको व्यहोरा र सोमा भएको सहिछाप ठीक साँचो हो भनी अदालत समक्ष बकपत्र समेत गरिदिएको देखिन्छ। प्रतिवादीहरु इन्जिनियर अमितकुमार ठाकुर र निर्माण व्यवसायी बुध्दिराज कंडेलले स्थलगत रुपमा निर्माण कार्यको निर्धारित शर्त तथा मापदण्ड विपरित गरेको कार्यलाई गुणस्तरयुक्त वा मापदण्ड बमोजिम भए गरेको हो भनी नगरेको कामको झुट्टा नापी विवरण, मूल्यांकन तथा झुटा विल भरपाइ बनाई कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानीका लागि सिफारिस गरेको आधारमा प्रतिवादी देवराज चौलागाईले निर्माण व्यबसायी तथा प्राविधिक कर्मचारीले तयार गरेको झुट्टा नापी किताव, मूल्यांकन तथा भुक्तानी बिल र कार्य सम्पन्न प्रतिवेदनमा सहमती जनाई निर्माण कार्यको निर्धारित शर्त तथा मापदण्ड विपरित गरेको कार्यलाई गुणस्तरयुक्त वा मापदण्ड बमोजिम भए गरेको हो भनी स्वीकृत गरी झुट्टा विल भरपाइ बमोजिमको रकम बदनियतपूर्वक रु.३,९१,९२९.७१ (अक्षरुपि तिन लाख एकान्नब्बे हजार नौ सय उनन्तिस रुपैया र पैसा एकहत्तर) भुक्तानी गरी नेपाल सरकारलाई हानिनोक्सानी पुर्याई भ्रष्टाचारजन्य कार्य गरी भुक्तानी दिने लिने कार्य गरेको मिसिल संलग्न सवुद प्रमाणबाट पुष्टि भई रहेको अवस्थामा उक्त प्रमाणहरुको मुल्याङ्कन नै नगरी प्रतिवादीहरुलाई आरोपदावीबाट नै सफाई दिने ठहर गरी भएको उल्लेखित फैसला प्रमाण मुल्याङ्कनको रोहमा त्रुटि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पूर्ण रही बदर भागी छ।<br>• अतः माथि विवेचित आधार र कारण समेतबाट प्रतिवादीहरु देवराज चौलागाई,अमित कुमार ठाकुर र बुध्दिराम कंडेललाई आरोप मागदावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला बदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |